# ५२

# शोषण र प्रदूषणभित्र रुमलिएका गलैंचा बुनकरहरू

**मोहन मैनाली**

नेपालमा गलैंचा प्राचीनकालदेखि नै बुन्दै आइरहेको भए पनि यसको व्यवसायिक उत्पादन शुरु भएको भने धेरै भएको छैन । झण्डै तीस वर्ष व्यवसायिक गलैंचा उत्पादनको उमेरभन्दा गलैंचा मजदुरको शोषणको इतिहास अलिक थोरै छ ।

हुन त नेपालमा गलैंचाको व्यवसायिक उत्पादन नेपालीलाई रोजगार दिने र नेपाललाई विदेशी मुद्रा दिलाउने उद्देश्यले शुरु गरिएको होइन । नेपालमा रहेका तिब्बती शरणार्थीहरूले आफ्नो सीप प्रयोग गरेर सजिलैसँग गतिलो आय गर्न सकून् भन्ने उद्देश्यले सन् १९६० को दशकपछि गलैंचाको उत्पादन व्यवसायिक स्तरमा शुरु गरिएको हो । सन् १९६६ मा स्वीस प्राविधिक सहायता सेवाको सहयोगमा नेपालमा कार्पेट ट्रेडिङ कम्पनी स्थापना गरिनुको उद्देश्य पनि त्यही थियो । पछि आएर तिब्बती शरणार्थीहरूले वैकल्पिक व्यवस्था गर्न थालेपछि र कति त नेपाली नागरिक भएपछि यस क्षेत्रमा नेपाली उद्योगपतिहरू पनि प्रवेश गर्न थाले ।

कम्युनिष्टहरूद्वारा सताइएका भनिएका तिब्बती शरणार्थीहरू लाभान्वित हुन्छन् भन्ने आधारमा जसरी अहिलेसम्म पश्चिमा मुलुकमा नेपाली गलैंचाले स्तर नपाए पनि बजार पाएको छ, त्यसैगरी यो व्यवसायमा मजदुरहरूको शोषण भैरहेको तथ्यलाई पनि वास्ता गरिएको छैन । पश्चिमाहरू भ्रममा परे जस्तै नेपालीहरू पनि के भ्रममा छन् भने गलैंचा उद्योगमा तिब्बतीहरू मात्रै संलग्न छन् । नत्र नेपाली मजदुरहरूमाथि भइरहेको यो विघ्न शोषणबारे कहिलेकाहिँ त कुनै न कुनै निकायबाट आवाज उठाइनुपर्ने हो ।

## कति छन् गलैंचा मजदुर ?

केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको पछिल्लो औद्योगिक सर्वेक्षणका अनुसार दश जनाभन्दा बढी मजदुर संलग्न रहेका १३१ वटा गलैंचा उद्योगमा साढे तेह्रहजार भन्दा बढी मजदुरहरू कार्यरत छन् । गलैंचा बुन्ने, धागो कात्ने जस्ता काममा ५,१२६ जना

*अस्मिता,* ३(११): ३०-३६, फागुन-चैत २०४७ मा प्रकाशित ।

पुरुष र ७,४४१ जना महिला मजदुरहरू संलग्न छन् । यीमध्ये गैर नेपाली नागरिकहरूमा १७४ जना पुरुष र २०३ जना महिला छन् ।

यसको ठीक उल्टो प्राविधिक कामतर्फ २१२ जना पुरुष छन् भने महिलाहरूको सङ्ख्या ६३ मात्र छ । प्रशासनिक कार्यमा महिलाहरू १३२ जना छन् भने पुरुषहरू ६ सयभन्दा बढी छन् । यसबाट के प्रस्ट हुन्छ भने स्वास्थ्यका दृष्टिकोणले हानिकारक कार्यमा महिला र उपयुक्त कार्यमा पुरुषहरूको बाहुल्य छ ।

तथ्याङ्क विभागले १० जना भन्दा बढी मजदुर संलग्न भएका उद्योगलाई मात्र सर्वेक्षणमा समावेश गरेको थियो । ती उद्योगले त्यस वर्षको कुल गलैंचा उत्पादनको दुई तिहाई मात्र उत्पादन गरेका थिए । त्यसैले गलैंचा मजदुरको रूपमा शोषित मजदुरहरूको सङ्ख्या २० हजारभन्दा बढी छ ।

## सुविधा वञ्चित छ श्रमिकका निम्ति

गलैंचा उद्योगमा कच्चा ऊन धुनेदेखि लिएर तयारी गलैंचा धुनेसम्मका सबै काममा मानवीय शक्ति नै प्रयोग भएको हुन्छ । सामान्य चर्खा र तानबाहेक अन्य उपकरणहरू यसमा प्रयोग गरिँदैनन् । गलैंचा उद्योग श्रम प्रधान उद्योग हो । बुनाइ र धुलाइका काममा हस्तकलाको निकै महत्व हुन्छ । सबै काम हातको सहायताले गरिने हुनाले गलैंचा उत्पादनमा सबैभन्दा महत्वपूर्ण भूमिका मजदुरहरूले निर्वाह गरिरहेका हुन्छन् ।

यति हुँदाहुँदै पनि गलैंचा उद्योगमा लाग्ने कुल लागतमध्ये कामदारहरूको भागमा १८ प्रतिशत मात्र पर्न आउँछ । गलैंचा उत्पादनबाट प्राप्त आयमा हेर्ने हो भने त यो प्रतिशत १५ सम्म झर्न पुग्छ ।

केन्द्रीय तथ्याङ्क विभागले सन् १९८८/८९ मा गरेको औद्योगिक सर्वेक्षणअनुसार गलैंचा मजदुरले सालाखाला मासिक एघार सय रुपियाँ ज्याला पाएका थिए । यति ज्याला पाउन उनीहरूले दिनको १६ घण्टाका दरले कडा परिश्रम गर्नुपर्छ ।

काठमाडौँमा अहिले एक वर्ग मिटर गलैंचा बुनेबापत मजदुरलाई २५० देखि ३५० रुपियाँ सम्म दिने भनिएको छ । तर ग्रेड छुट्ट्याउने नाममा यस ज्यालालाई न्यूनतम बनाएरै दिने गरिन्छ । एक वर्ग मिटर गलैंचा बुन्न एकजना मजदुरले ५ दिनसम्म दिनको १६ घण्टाका दरले काम गर्नुपर्छ ।

अन्य औद्योगिक प्रतिष्ठानमा कार्यरत अदक्ष मजदुरहरूले पनि हप्ताको ४४ घण्टा काम गरेर मासिक न्यूनतम ८ सय रुपियाँ बेतन पाउँछन् । तर गलैंचा बुन्ने दक्ष मजदुरले हप्ताको ४४ घण्टा मात्र काम गर्ने हो भने त्यति बेतन पाउन झण्डै ६ हप्ता काम गर्नुपर्छ । गलैंचा बुन्नेहरू ठेक्कामा काम गर्ने हुनाले अन्य औद्योगिक प्रतिष्ठानमा काम गर्ने मजदुरले पाएका सबै सुविधाबाट वञ्चित छन् ।

गलैंचा बुन्नेहरूको यो स्थिति छ भने कच्चा ऊन पखाल्ने, धागो कात्ने काम गर्ने मजदुरहरूको अवस्था त झन दयनीय छ ।

गलैंचा उद्योगमा काम गर्ने अधिकांश मजदुरहरू अशिक्षित, सोझा र सरल हुन्छन् भन्ने कुरा त स्पष्टै छ । यो कमजोरी अथवा विशेषताको फाइदा उठाएर उद्योगपतिले समय समयमा मजदुरबीचमै झगडा लगाएर बढीभन्दा बढी फाइदा उठाउने गरेका उदाहरण पनि प्रशस्तै पाइन्छन् । यसबाहेक गलैंचा उद्योगमार्फत् नेपाली मजदुरहरू भारत लगिने र त्यहाँ कडा निगरानीमा दिनरात काम लगाउने परम्परा नै बसिसकेको छ ।

## यसलाई पनि रोजगारी भन्ने ?

अँध्यारो, साँगुरो, हावा नलाग्ने र तानबाट निस्केको धूलोले डम्म ढाकिएको गलैंचा उद्योगको भित्री वातावरणलाई छोटकरीमा चिनाउनु पर्दा यसै भन्न सकिन्छ। उद्योग भित्रको वातावरण स्वस्थकर होस् अथवा नहोस् यस कुरासँग उद्योगपतिलाई चासो छैन । त्यसैले उनीहरूले गलैंचा बुन्नेहरूका लागि उपयुक्त कोठा बन्दोबस्त गर्दैनन् ।

झ्याल र भेन्टिलेसनको अभावमा कोठाभित्र न त प्रकाश छिर्न पाउँछ न स्वच्छ हावा नै । त्यसैले उनीहरूले गलैंचाको तानबाट निस्केको धूलो खाएर निस्सासिँदो वातावरणमा काम गर्नुपर्छ। कोठाभित्रको चिसोपनाको कारणले पनि मजदुरहरूले आफ्नो काम सरल ढङ्गले गर्न पाउन्नन् । काम गर्ने ठाउँ चिसो हुनाले र ऊनी धागोको धूलोले गर्दा यस उद्योगमा काम गर्ने मजदुरहरू फोक्सोको रोगबाट पीडित हुन्छन् । अर्कातिर अँध्यारोमा बुनाइको काम गर्नुपर्दा उनीहरूको दृश्य शक्ति पनि कम भएर जान्छ ।

साँगुरो ठाउँमा बसेर गलैंचा बुन्दा ढाडको रोगले पनि उनीहरूलाई सताएकै हुन्छ । यसबाहेक यी मजदुरहरूले खाने, सुत्ने कोठा पनि उपयुक्त किसिमको हुन्न । अर्कातिर कारखानाले औषधीका नाममा एक चक्की सिटामोलसम्म पनि उपलब्ध गराउने गरेको छैन, अरू उपचार त उनीहरूका लागि टाढाको कुरा भयो । अस्वस्थकर वातावरणबाट मजदुरको सुरक्षा गर्न आवश्यक सामान्य उपकरण पनि उद्योगले उपलब्ध गराएको छैन । खाने बस्नेदेखि लिएर दिसा-पिसाब जस्ता नित्य-कार्य गर्नमा पनि उनीहरूले कठिनाइ भोग्नु पर्दछ ।

भौतिक वातावरणका साथसाथै कारखानामा मजदुरहरूप्रति गरिने व्यवहार पनि निम्नस्तरकै हुने गर्दछ । मालिकदेखि मजदुरसम्मले नै भद्दा र अश्लील गाली पचाइसकेका छन्। गलैंचा उद्योगमा काम गर्ने मजदुरहरूले आफ्नो ज्यानको मूल्यमा रोजगारी पाएका छन् जसलाई सही अर्थमा रोजगारी भन्न सकिन्न ।

## कडा सुरक्षा व्यवस्था

उपत्यकाका प्रायः सबै गलैंचा उद्योग कडा सुरक्षा व्यवस्थाभित्र राखिएका छन् । यस्तो गर्नुको उद्देश्य उद्योगको भौतिक सम्पत्तिको सुरक्षा गर्नु भने होइन ।

त्यहाँको खराब वातावरणबारे कसैलाई पनि थाहा दिनुहुन्न भन्ने मान्यता राखेर उद्योगपतिहरूले बाहिरका मानिसलाई उद्योगभित्र प्रवेश गर्न पूर्णतः निषेध गरेका छन् ।

"व्यक्तिगत घर भएकाले प्रवेश निषेध" जस्ता चेतावनीका शब्दका साथ प्रवेशका लागि अनुमति दिइँदैन भन्ने मौखिक जानकारी दिएर यी औद्योगिक प्रतिष्ठानलाई बाहिरी दुनियाँभन्दा टाढा राख्ने चेष्टा गरिएको छ ।

यस स्तम्भकारले कारखानाभित्र प्रवेश गर्न अनुमति माग्दा कति उद्योगपतिहरूले ठाडै इन्कार गरिदिए भने कतिले एउटा न एउटा बहाना बनाएर घुमाउरो पाराले अनुरोधलाई पन्छाइदिए। गलैंचा उद्योगपतिहरूले अहिले सबभन्दा ठूलो बल औद्योगिक प्रतिष्ठान भित्रको वातावरणको गोपनीयता कायम राख्नमै खर्च गरिरहेका छन् । औद्योगिक प्रतिष्ठानभित्र भएका काम लुकाउनु नै त्यहाँ भित्र शोषण र अव्यवस्था छन् भन्ने कुराको गतिलो प्रमाण हो ।

## मजदुरहरू चुप लाग्न बाध्य छन्

मजदुरहरूका हक-हितका लागि भनेर धेरै मजदुर सङ्गठनहरू खोलिएका छन् । गलैंचा क्षेत्रमै काम गर्ने मजदुरहरूका पनि २ वटाभन्दा बढी सङ्गठनहरू छन् । बेलामौकामा राजनीतिक दलहरूका हतियार बन्ने गरेका मजदुरहरूले आफ्नै समस्याका लागि भने उति साह्रो आवाज उठाएका छैनन् । यसै वर्षको शुरुआतमा पनि मजदुर-हरूले हडताल गरे, अनशन बसे। तर उनीहरूले अन्य औद्योगिक मजदुरले पाएसरहका सुविधा पाउनेतर्फ भने खासै काम भएन । त्यहाँ त प्रतिवर्गमिटर ३५० रुपियाँ पाउनुपर्छ भन्ने मागमा मात्र जोड दिइयो । यसबाट तत्काललाई र देख्नमा ठूलो राहत पाइयो तर अरू सुविधा भनेका ठूला उपलब्धि हुन् भन्ने कुरा महसुस गरिएन ।

कामको अत्यन्तै ठूलो बोझ, मजदुरहरूको मागभन्दा आपूर्ति बढी, अज्ञानता र बेलाबखतमा मालिकले मजदुरविरुद्ध मजदुर नै उठाउने गरेकोले पनि मजदुरहरू आफ्ना समस्या उठाउन डराइरहेका छन् ।

"दिनको १६ घण्टा काम नगरी खान नपाइएपछि मजदुरहरूले कति बेला सङ्गठन गर्नु ? कतिबेला मजदुरमा चेतना जगाउनु ? र त्यस्ता शोषणविरुद्ध आवाज उठाउनु ?" नेपाल स्वतन्त्र मजदुर युनियन, ललितपुरका कोषाध्यक्ष शिव थापा भन्छन् ।

मजदुरको चेतनास्तर कतिसम्म कम छ भने सीधै गाउँबाट आएर गलैंचा उद्योगमा लागेका कति मजदुरहरूले त औद्योगिक मजदुरले अरू सुविधा पाउँछन् भन्ने कुरा सुन्दा आश्चर्य व्यक्त गरे ।

अज्ञानता, अशिक्षा, कामको बोझ, डर धाक र दमनका कारणले मजदुरहरू यस्तो शोषणका विरुद्ध उठ्न सक्ने अवस्थामा छैनन् । (...)

मजदुरहरूको हकहित सम्बन्धमा ध्यान दिन श्रम तथा सामाजिक कल्याण मन्त्रालय स्थापना गरिएको छ। केही कानून बनेका पनि छन्। केही तत्कालै बनिनु आवश्यक छन् । तर पनि राजधानीभित्रकै गलैंचा मजदुरमाथि भएका शोषणका सम्बन्धमा मन्त्रालयको ध्यान पुगेको छैन ।

श्री ५ को सरकारले गलैंचा उद्योगलाई निर्यातमूलक वस्तु उत्पादन गर्ने उद्योगको रूपमा चिनेको छ, जुन वास्तविकता पनि हो। आर्थिक वर्ष २०४५/०४६ मा मात्रै गलैंचा उद्योगबाट नेपाललाई १ अर्ब ५८ करोड रुपियाँ बराबरको विदेशी मुद्रा प्राप्त भएको थियो । यो उद्योग रोजगारीको एउटा राम्रो स्रोत हुन सक्ने सम्भावना पनि बलियो छ ।

यिनै कुरालाई ध्यानमा राखेर सरकारले गलैंचा उद्योगको विकासका लागि, यसमा देखा परेका समस्या समाधानका लागि तत्परता देखाएको छ। तर यस श्रम प्रधान उद्योगमा कार्यरत मजदुरको अवस्था कस्तो छ भन्ने कुरामा अहिलेसम्म ध्यान दिनुपर्छ भन्ने ठानेको छैन । (...)

## वातावरण पनि विनाश भइरहेछ

वातावरणलाई दूषित पार्ने काममा पनि गलैंचा उद्योग निकै अगाडि बढेको पाइएको छ। कच्चा ऊन पखाल्नेदेखि लिएर तयारी गलैंचा धुनेसम्मका सबै कामले वातावरणमा नकारात्मक प्रभाव पारिरहेका छन् । काठमाडौँमा केन्द्रित यस्ता उद्योगहरूले हावा र पानीलाई दूषित पारेका छन् ।

गलैंचा बुन्न आवश्यक कच्चा ऊन प्रशोधन गर्ने, रङ्गाउनेलगायतका कामहरूमा रसायनको प्रयोग गरिन्छ। ऊनमा भएको फोहर धुन र बढी भएको रङ्ग घटाउन ऊन पकाइन्छ पनि ।

काठमाडौँमा गलैंचा उद्योगका लागि मात्र वार्षिक ५ हजार मेट्रिक टन कच्चा ऊन प्रयोगमा ल्याइन्छ । काठमाडौँको बौद्धस्थित कुमारीगाल यस्तो कच्चा ऊन प्रशोधन गर्ने र रङ्गाउने मुख्य क्षेत्र हो ।

ऊनको प्रशोधनका हरेक चरणमा निस्कने फोहर र ठूलो मात्रामा फ्याँकिएका ऊनको टुक्रा विनाप्रशोधन सीधै आर्यघाटमा पठाइन्छ । यस्तो फोहर वरपरका किसानले खेतबारीमा पनि प्रयोग गर्ने गरेको छन् ।

ऊनमा प्रयोग गरिने रङ्ग ज्यादै विषालु हुन्छ; रङ्गाइएको ऊनका टुक्रा र तरल फोहरले वाग्मतीको पानीलाई जैविक, रासायनिक र भौतिक सबै दृष्टिकोणले प्रदूषित बनाएको छ ।

ऊनी गलैंचा उद्योगको फोहर पदार्थ मिसिएको पानीमा ब्याक्टेरिया धेरै मात्रामा हुन्छन् । फोहरले गर्दा पानीमा अक्सिजनको मात्रा पनि कम हुन्छ । यस्तो पानीले सरुवा रोग र आँखाको रोग फैलाउन मद्दत गर्दछ। मानिस, जनावर र बोट-बिरुवा समेतका लागि हानिकारक यस्तो पानी खान, नुहाउन र अन्य कुनै पनि काममा प्रयोग गर्नका लागि अनुपयुक्त हुन्छ। तर पनि धार्मिक आस्था र आर्थिक अवस्थाको कारणले यहाँको पानी नुहाउन, खान र सिँचाइका लागि प्रयोग भइरहेकै छ ।

काठमाडौँका अन्य भागमा स्थापित गलैंचा उद्योगले पनि यस्तै ढङ्गले वातावरण प्रदूषण गरिरहेका छन्। ललितपुरको ठेचो स्थित गलैंचा कारखानाको फोहर मिसिएको

पानी खानाले यसै वर्ष एक दर्जनभन्दा बढी जनावर मरिसकेका छन् भने भक्तपुरको बालकोटको गलैंचा कारखानाले आफ्नो फोहर हनुमन्ते खोलामा फालेर यसलाई पनि प्रदूषित पारेको छ ।

ऊनी धागो पखाल्न, रङ्गाउनलगायतका काम गर्दा निस्कने धुवाँ र तरल फोहरले वरिपरिको वातावरणलाई दुर्गन्धित पारिदिएको छ। भक्तपुरको बालकोटमा स्थापित गलैंचा उद्योगले गरेको वायु-प्रदूषणलाई नमुनाको रूपमा लिन सकिन्छ। गहिरोमा रहेको हनुमन्ते खोलाको किनारमा स्थापित यस उद्योगले चिम्नीको उचाई, यस वरिपरिका गाउँको सतह बराबर पारेर राखेको छ । यहाँबाट निस्केको धुवाँले यस वरपरका गाउँलेहरूलाई दूषित हावा उपभोग गर्न बाध्य पारेको छ। वर्षमा ३५ करोड रुपियाँ मूल्य अभिवृद्धि गरेको गलैंचा उद्योगले देशको वातावरणमा पुऱ्याएको क्षतिलाई कुनै पनि मौद्रिक मापदण्डमा नाप्न सकिन्न । र यो अपूरणीय क्षति हो । (...) ♦